apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्षः १२ ● अंकः २२१ ● पृष्ठः ४ ● ११ भदौ २०८३ विहीबार (27 August 2026. Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/



समाचार ३ पृष्ठ

बाढी प्रभावितलाई प्रधानमन्त्रीले भने-तपाईंहरू एक्लो हुनुहुन्न, सरकार र देशबासी साथमा छ

# रसुवाको भोटेकोशी बाढीमा मृत्यु हुनेको संख्या १५७ पुग्यो

## २८ प्रहरी र ४०३ नेपाली तथा विदेशी पर्यटक सम्पर्कविहीन, ४१ जना घाइतेको उपचार जारी

**शुभ नारायण कामती**
**सिरहा, भदौ १० गते**



रसुवाको भोटेकोशी नदीमा बुधबार बिहान आएको भीषण बाढी र पहिरोमा परी मृत्यु हुनेको संख्या १५७ पुगेको छ। प्रहरी प्रधान कार्यालयले बुधबार राति ११:०५ बजे सार्वजनिक गरेको विवरणअनुसार बाढी तथा पहिरोमा परी विभिन्न जिल्लामा हालसम्म १५७ जनाको शव फेला परेको हो।

प्रहरीका अनुसार फेला परेका शवमध्ये सबैभन्दा धेरै चितवनमा ६४ जनाको रहेको छ। यस्तै धादिङमा २७, नवलपरासी पूर्वमा २२, गोरखामा १९, नुवाकोटमा १३, तनहुँमा नौ र रसुवामा तीन जनाको शव फेला परेको छ।

बाढी तथा पहिरो प्रभावित क्षेत्रमा खोज तथा उद्धारका लागि ३ हजार ३१८ जना प्रहरी परिचालन गरिएको प्रहरीले जनाएको छ। बाढीका कारण २८ जना प्रहरी कर्मचारी अझै सम्पर्कविहीन छन्।

प्रहरी प्रधान कार्यालयका अनुसार इलाका प्रहरी कार्यालय टिमुरेमा कार्यरत २३ जनामध्ये १३ जना मात्र सम्पर्कमा आएका छन्। सीमा प्रहरी चौकी रसुवागढीका नौ जनामध्ये एक जना र प्रहरी चौकी स्याफ्रुबेँसीका आठ जनामध्ये पाँच जना सम्पर्कमा आएका छन्।

त्यस्तै, अस्थायी प्रहरी पोस्ट मैलुङका आठ जनामध्ये तीन जना, प्रहरी चौकी बेत्रावतीका १० जनामध्ये नौ जना र प्रहरी चौकी हाक्कुका छ जनामध्ये पाँच जना सम्पर्कमा आएका छन्। बाँकी प्रहरी कर्मचारीको खोजी भइरहेको प्रहरीले जनाएको छ।

**४१ घाइतेको उपचार जारी**

बाढी तथा पहिरोमा परी घाइते भएका ४१ जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको छ। त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा २०

बाँकी पृष्ठ ३ ▸▸

# भारतीय विदेशमन्त्री जयशंकरले पठाए राहत सामग्री, अभिनेता सोनु सूदले भने- नेपाल तिमी एक्लो छैनौ



**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ १० गते**

रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीबाट ठूलो जनधनको क्षति भइरहेका बेला भारतले नेपालका लागि मानवीय सहायता पठाएको छ।

भारतीय विदेशमन्त्री एस जयशंकरले भारतले नेपालमा बाढीको उद्धार तथा राहतका लागि १० टन मानवीय सहायता सामग्री (एचएडिआर) र अत्यावश्यक औषधि पठाएको बताएका छन्।

जयशंकरले सामाजिक सञ्जाल मार्फत बाढीबाट प्रभावितप्रति दुःख व्यक्त गर्दै शोकसन्तप्त परिवार र प्रभावित सबैप्रति समवेदना प्रकट गरेका छन्।

'यस चुनौतीको सामना गर्न भारत नेपाल र नेपाली जनताको साथमा उभिएको छ,' उनले भनेका छन्।

यसैबीच, भारतीय अभिनेता सोनु सूदले पनि नेपालमा आएको बाढीप्रति ऐक्यबद्धता जनाउँदै सहयोग गर्ने बताएका छन्।

सूदले सामाजिक सञ्जालमा लेखेका छन्, 'नेपाल, तिमी एक्लो छैनौ । हामी खाना, आश्रय र पुनर्निर्माणमा सहयोग गर्ने शक्ति लिएर आउँदैछौं।'

रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट रसुवा र नुवाकोटका विभिन्न क्षेत्रमा ठूलो क्षति पुगेको छ।

बाढीबाट मानवीय क्षति हुनुका साथै भौतिक संरचना, विद्युत आयोजना, सडक तथा पुलहरूमा समेत क्षति पुगेको छ । उद्धार तथा राहतका लागि सुरक्षाकर्मी र विभिन्न निकाय परिचालन भइरहेका छन्।

# मधेशका मुख्यमन्त्री, मन्त्रीसहित कर्मचारीहरूको एक दिनको तलब विपद् व्यवस्थापन कोषमा




**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ १० गते**

भोटेकोसी नदीमा आएको बाढीबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै मधेश प्रदेश सरकारले विपद् व्यवस्थापनका लागि प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्रीलगायत सम्पूर्ण पदाधिकारी र कर्मचारीको एक दिन बराबरको तलब केन्द्रीय विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरेको छ।

मधेश प्रदेश सरकारको २०८३ साल भदौ १० गते बसेको बैठकले बाढीबाट प्रभावित नागरिकको खोज, उद्धार तथा राहत कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले उक्त निर्णय गरेको हो । विपद्को समयमा राज्यका पदाधिकारी तथा कर्मचारीले समेत आर्थिक सहयोगमार्फत प्रभावित

बाँकी पृष्ठ २ ▸▸

# सिरहामा मिटरब्याजपीडितको प्रदर्शन, रास्वपा सांसद यादवको पुतला दहन

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ १० गते**




मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन नेपाल, सिरहाको नेतृत्वमा मिटरब्याजपीडितहरूले बुधबार मिर्चैयामा प्रदर्शन गर्दै सिरहा-४ का प्रतिनिधिसभा सदस्य तथा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मधेश प्रदेश सभापति तपेश्वर यादवको पुतला दहन गरेका छन्।

मिटरब्याजपीडितहरूले मिर्चैया स्थित संस्था चोकबाट विरोध ऱ्याली निकाल्दै थाना चोक र कटारी चोकको परिक्रमा गरी पुनः संस्था चोकमा पुगेर सांसद यादवको पुतला दहन गरेका हुन्। प्रदर्शनका क्रममा उनीहरूले विभिन्न नारासहितका प्लेकार्ड बोकेका थिए।

प्रदर्शनकारीहरूले 'फर्जी तमसुक खारेज गर', 'जिल्ला प्रहरी र जिल्ला प्रशासन कार्यालयमा हुँदै आएको धाँधली बन्द गर', 'पेसेवर सुदखोरलाई गिरफ्तार गर', 'पीडितलाई न्याय दे' र 'सुदखोरको सम्पत्ति छानबिन गर' लगायतका नारा लगाएका थिए। उनीहरूले सांसद यादवविरुद्ध समेत नाराबाजी गरेका थिए।

मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन नेपालका महासचिव मनोजकुमार पासवानले सांसद यादवले मिटरब्याजी साहूहरूको पक्षमा अभिव्यक्ति दिएको भन्दै आपत्ति जनाए। उनका अनुसार मिटरब्याजका कारण लामो समयदेखि लाखौं व्यक्ति आर्थिक तथा सामाजिक रूपमा पीडित हुँदै आएका छन् भने कतिपयले आफ्नो सम्पत्तिसमेत गुमाएका छन्।

पासवानले गाउँ-गाउँ र टोल- टोलबाट मिटरब्याजपीडितको आन्दोलन बढ्दै गएपछि सरकारले २०८० सालमा मिटरब्याजसम्बन्धी कानुनी व्यवस्था गरे पनि पीडितले अझै पूर्ण रूपमा न्याय पाउन नसकेको बताए।

उनका अनुसार केही दिनअघि मिटरब्याजपीडितहरूले जनकपुरधाम देखि निजगढसम्म पैदल मार्च गरेका थिए। सो क्रममा गृहमन्त्री सुदन गुरुङसँग नौबुँदे सहमति भएपछि तत्कालका लागि आन्दोलन स्थगित गरिएको थियो । तर, सहमति कार्यान्वयनमा ढिलाइ भइरहेको पीडित पक्षको गुनासो छ।

सरकारले लेनदेनसम्बन्धी कपाली तमसुक खारेज गर्ने निर्णय गरेपछि काठमाडौंको माइतीघरमा मिटरब्याजी साहूहरूले गरेको प्रदर्शनमा सांसद यादव सहभागी भएको र त्यस क्रममा उनले मिटरब्याजीहरूको पक्षमा धारणा राखेको आरोप आन्दोलनकारीले लगाएका छन्। सरकारको निर्णय गलत भएको भन्दै उनले मिटरब्याजी साहू र सरकारबीच वार्ता गराउने बताएकोसमेत उनीहरूको दाबी छ।

यही विषयलाई लिएर सांसद यादवको पुतला दहन गरिएको महासचिव पासवानले बताए। उनले सांसद यादवले आफ्नो अभिव्यक्ति

बाँकी पृष्ठ ४ ▸▸

# ५५ किलो गाँजासहित एक युवक पक्राउ

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ १० गते**

सिरहा प्रहरीले ५५ किलो लागुऔषध गाँजासहित एक युवकलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालयका सिरहाका अनुसार गोलबजार सिरहाबाट संयुक्त रुपमा खटिएको प्रहरी टोलीले बुधबार बिहान साढे ३ बजे नैनपुरबाट मुसहरनिया तर्फ आउँदै गरेको मोटरसाइकल चेकजाँचको क्रममा ५५ किलो गाँजा बरामद गरेको हो।

प्रहरीले गाँजासहित सिरहा औरही गाँउपालिका वडा नम्बर ४ बस्ने २८ वर्षीय विक्रम यादवलाई पक्राउ गरेको जनाएको छ।

३ वटा बोरामा गाँजा राखेर २-०१-००४ प ८३६४ नम्बरको मोटरसाइकलमा ओसारपसार गरिरहेको बेला यादवलाई पक्राउ गरिएको प्रहरी प्रवक्ता रमेशबहादुर पालले बताए । पालका अनुसार मोटरसाइकल सहित अभियुक्तलाई ईलाका प्रहरी कार्यालयमा राखेर थप अनुसन्धान भइरहेको छ।




## बाढी र डुबान हुनुपूर्वको तयारी

- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं।
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे थाहा पाइराखौं।
- आपतकालिन अवस्थाका लागि खाद्यान्न तथा औषधीजन्य सामाग्री घरको अग्लो ठाउँमा राखौं।
- गाउँ, टोल, वडामा रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं।
- बर्षायाममा सधै मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं।
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं।
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।**

## सम्पादकीय...

### मधेशमा उद्योग बन्द र असर

मधेश प्रदेश नेपालको उद्योग, व्यापार र आर्थिक गतिविधिको महत्वपूर्ण केन्द्र हो। यहाँका उद्योगले रोजगारी सिर्जना गर्नुका साथै उत्पादन, व्यापार, राजस्व संकलन र स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन महत्वपूर्ण भूमिका खेल्दै आएका छन्। तर आर्थिक मन्दीलगायतका कारणले गत आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशमा उद्योग तथा वाणिज्यतर्फ एक हजार ९३८ व्यवसायको लगत कट्टा गर्नु आर्थिक चुनौतीको संकेत हो। त्यसो त सोही अवधिमा पाँच हजार ६८ नयाँ उद्योग दर्ता हुनुले आशा पनि जगाएको छ। नयाँ उद्योग खुल्ने क्रमसँगै पुराना उद्योग बन्द हुनुको कारण र त्यसले अर्थतन्त्रमा पार्ने दीर्घकालीन असरबारे गम्भीर समीक्षा आवश्यक देखिन्छ। उद्योग बन्द हुँदा सबैभन्दा प्रत्यक्ष असर रोजगारीमा पर्छ। एउटा उद्योग बन्द हुँदा त्यसमा कार्यरत श्रमिकले रोजगारी गुमाउँछन् र उनीहरूको परिवारको आयस्रोत प्रभावित हुन्छ। बेरोजगारी बढ्दै जाँदा उपभोग घट्न सक्छ, जसको असर खुद्रा व्यापारदेखि सेवा क्षेत्रसम्म पुग्छ। यसले स्थानीय बजारमा माग कमजोर बनाउँदै आर्थिक गतिविधिलाई थप सुस्त पार्न सक्छ।

उद्योग बन्द हुनुको अर्को महत्वपूर्ण असर उत्पादनमा पर्छ। स्वदेशमै उत्पादन हुनुपर्ने वस्तु उत्पादन घटेपछि आयातमा निर्भरता बढ्न सक्छ। यसले व्यापार घाटा बढाउनुका साथै विदेशी मुद्रा बाहिरिने अवस्था सिर्जना गर्छ। मधेशजस्तो सीमावर्ती प्रदेशमा उद्योग कमजोर हुँदा सीमापारिबाट आउने वस्तुसँग प्रतिस्पर्धा गर्न स्थानीय व्यवसायलाई झनै कठिन हुने सम्भावना रहन्छ। राजस्व संकलनमा पनि उद्योग बन्दको प्रतिकूल प्रभाव पर्छ। उद्योग तथा वाणिज्य दर्ता, नवीकरण र अन्य आर्थिक गतिविधिबाट प्रदेश सरकारले राजस्व प्राप्त गर्दै आएको छ। उद्योगको संख्या र कारोबार घटेमा सरकारको राजस्व आधार साँघुरिन सक्छ। त्यसको परिणामस्वरूप शिक्षा, स्वास्थ्य, पूर्वाधार तथा रोजगारी प्रवर्द्धनजस्ता क्षेत्रमा सार्वजनिक लगानी गर्ने क्षमता प्रभावित हुन सक्छ। त्यसैले उद्योग बन्द हुनुको कारणलाई आर्थिक मन्दीको रुपमा मात्र लिएर पन्छाउन मिल्दैन्। उच्च ब्याजदर, लगानीको अभाव, बजारको कमजोर माग, महँगो उत्पादन लागत, विद्युत् तथा पूर्वाधारसम्बन्धी समस्या, प्रशासनिक झन्झट र बजारमा अस्वस्थ प्रतिस्पर्धाजस्ता पक्षको पहिचान गरी समाधान खोजिनुपर्छ। प्रदेश सरकारले उद्योगी-व्यवसायी, बैंक तथा वित्तीय संस्था र श्रमिकसँग समन्वय गरी समस्याग्रस्त उद्योगलाई पुनः सञ्चालन गर्ने वातावरण बनाउनुपर्छ। साथै नयाँ उद्योग दर्ता मात्रै होइन, दर्ता भएका उद्योग टिकाउने र विस्तार गर्ने नीतिलाई प्राथमिकता दिनुपर्छ।

मधेशमा पाँच हजारभन्दा बढी नयाँ उद्योग दर्ता हुनु आर्थिक सम्भावनाको संकेत पनि हो भने झन्डै दुई हजार उद्योग-व्यवसाय बन्द हुनु चेतावनी पनि हो। नयाँ उद्योग खुल्ने र पुराना उद्योग टिक्ने दुवै वातावरण निर्माण नभएसम्म दिगो औद्योगिक विकास सम्भव हुँदैन। त्यसैले मधेश प्रदेश सरकारले उद्योग संरक्षण, लगानी प्रोत्साहन, रोजगारी सिर्जना र उत्पादन वृद्धि केन्द्रित दीगो नीति अवलम्बन गर्नुपर्छ। उद्योग बाँच्नु भनेको व्यवसायी बाँच्नु मात्र होइन, त्यससँग जोडिएका श्रमिक, परिवार, बजार र समग्र प्रदेशको अर्थतन्त्र बाँच्नु हो। यसैले मधेश प्रदेश सरकारले यस तर्फ गम्भीर समिक्षागरी तत्काल समाधानको बाटो पहिल्याउनु जरुरी देखिएको छ। मधेशलाई युवाहरु निर्यातको केन्द्रको रुपमा मात्र रहन्न दिनु हुँदैन्। मधेशका युवाहरु रोजगारी नै नपाएर अहिले विदेशिन बाध्य भएका छन्। त्यसलाई रोक्न पनि मधेशमा उद्योग क्षेत्रमा ठूलाठूला लगानीमा पूर्वाधारहरु निर्माण हुनुपर्छ। जसले गर्दा यहाँ ठूलो संख्यामा रोजगारी सृजना गर्न सक्छ।

### मधेशका मुख्यमन्त्री, मन्त्रीसहित ............

नागरिकप्रति ऐक्यबद्धता जनाउने गरी प्रदेश सरकारले यस्तो निर्णय गरेको हो।

सरकारले भोटेकोसी नदीमा आएको बाढीका कारण भएको जनधनको व्यापक क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै मृतकप्रति श्रद्धाञ्जली तथा परिवारजनमा समवेदना प्रकट गरेको छ। साथै, बाढीबाट घाइते भएकाहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ।

बाढी प्रभावित क्षेत्रमा खोज, उद्धार र राहत कार्यलाई प्रभावकारी बनाउन मधेश प्रदेश सरकारले प्रदेशका आम नागरिक, बुद्धिजीवी, उद्यमी, व्यवसायी, समाजसेवी तथा आमसञ्चार क्षेत्रलाई समेत सहयोगका लागि अपिल गरेको छ।

विपद्को समयमा प्रदेश सरकारका पदाधिकारी र कर्मचारीको एक दिनको तलब सहयोग गर्ने निर्णयले प्रभावित नागरिकको उद्धार तथा राहतमा थप सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# मधेशमा झनै घट्दै छोरीहरू

## दाइजोको बोझ, वंश धान्न छोरा नै चाहिने मान्यता र छोरीलाई कम महत्त्व दिने सामाजिक सोच अझै कायम

✍ **वीरेन्द्र रमण**



जनकपुरधाम उपमहानगरपालिका-७ की काजल साहले गत वैशाखमा दोस्रो सन्तानका रूपमा छोरी जन्माइन्। प्रादेशिक अस्पताल जनकपुरधाममा छोरी जन्माएपछि श्रीमान्सहित ससुरा पक्षका सदस्यले उनलाई बेवास्ता गरे। अस्पतालमै छाडेर गए।

अलपत्र परेकी काजलको त्यसपछि माइती पक्षले हेरचाह गर्‍यो। बच्चा जन्मेको छ दिनमा गरिने छठिहार विधि दिदीको घरमा गरियो। त्यसमा लाग्ने खर्चसमेत ससुरा पक्षबाट पाइनन्। दिदीले जसोतसो सरसापटी गरेर बहिनीकी छोरीको छठिहार गराइन्। त्यो दिन पनि ससुरालीबाट कोही आएनन्। कारण थियो- काजलले दोस्रोपटक पनि छोरी जन्माउनु।

छोरी जन्माएको निहुँमा महिलाविरुद्ध हुने हिंसाको अर्को घटना सप्तरीमा पाँच वर्षअघि भएको थियो। उक्त घटनाका आरोपी हालै पक्राउ परेका छन्। दुई छोरीकी आमा बनेको भन्दै बुहारीलाई पटक-पटक यातना दिएको र विष खुवाएर हत्या गरेको अभियोगमा प्रहरीले १ भदौमा बोदेबरसाइन नगरपालिका-८ काचन टोलका ५५ वर्षीय बद्री दासलाई पक्राउ गर्‍यो।

प्रहरी अनुसन्धानअनुसार उनकी २५ वर्षीया बुहारी शिवकुमारी दासले छोरी मात्र जन्माएको निहुँमा परिवारबाट पटक-पटक यातना र कुटपिट सहनुपरेको थियो। १७ कात्तिक २०७७ मा विष सेवन गराई उनको हत्या गरेको आरोप बद्रीविरुद्ध छ।

यी दुई घटना फरक ठाउँ र फरक समयका हुन्। तर, दुवैले छोरालाई प्राथमिकता दिने र छोरी जन्माएको दोषसमेत महिलालाई थोपर्ने सामाजिक सोचको कठोर रूप देखाउँछन्।

राष्ट्रिय जनगणना-२०७८ अनुसार मधेश प्रदेशको जनसंख्या ६१ लाख १४ हजार ६०० छ। त्यसमध्ये पुरुष ३० लाख ६५ हजार ७५१ र महिला ३० लाख ४८ हजार ८४९ छन्। कुल जनसंख्यामा पुरुषको हिस्सा ५०.१ र महिलाको ४९.९ प्रतिशत छ।

लैंगिक अनुपात अर्थात् प्रत्येक १०० महिलामा पुरुषको संख्या १००.५५ छ। २०६८ सालको जनगणनामा मधेशको जनसंख्या ५४ लाख ४ हजार १४५ थियो भने लैंगिक अनुपात १०१.१८ थियो। यस हिसाबले दुई जनगणनाबीच महिला-पुरुषको संख्यात्मक अन्तर साँघुरिएको देखिन्छ।

तर, मधेशमा छोराप्रतिको सामाजिक मोह भने अझै बलियो रहेको अधिकारकर्मी र समाजशास्त्रीहरू बताउँछन्।

**छोरा नै चाहिने सोच**

'छोराले वंश धान्छ', 'छोरा भए स्वर्ग गइन्छ' जस्ता पितृसत्तात्मक मान्यता समाजमा अझै कायम छन्। अर्कोतर्फ दाइजो र विवाहमा हुने ठूलो खर्चका कारण छोरीको जन्मलाई आर्थिक भारका रूपमा हेर्ने सोच पनि हट्न सकेको छैन।

मधेश प्रदेश सभाको महिला, बालबालिका तथा सामाजिक न्याय समितिकी सभापति रूपा यादव समाजमा पुरुषप्रधान चिन्तन हाबी हुँदा छोरा र छोरीबीचको विभेद कायमै रहेको बताउँछिन्।

उनका अनुसार एउटा छोरा भएपछि गर्भनिरोधक साधन प्रयोग गर्ने तर, छोरी मात्रै भए छोरा जन्माउने चाहनाले अर्को सन्तानको योजना बनाउने प्रवृत्ति समाजमा देखिन्छ। छोरीलाई जन्मनै नदिने सोचसमेत कायम रहेकाले समस्या जटिल बनेको उनी बताउँछिन्।

अल्ट्रासाउन्डजस्ता आधुनिक प्रविधिको पहुँच सहज भएसँगै गर्भमै लिंग पहिचान गरी छोरी भए गर्भपतन गराउने गैरकानुनी अभ्यास पनि समस्याको एउटा कारण रहेको जानकारहरूको भनाइ छ।

अधिकारकर्मी रेखा झा अहिले पनि छोराबाटै 'मुक्ति' पाइन्छ भन्ने सोच रहेको र छोरी हुँदा दाइजोलगायत आर्थिक भार बढ्ने धारणाले छोरा-छोरीबीचको विभेदलाई निरन्तरता दिएको बताउँछिन्। "छोरी अर्काको धन हो, विवाह गरेर अर्को घरमा जानुपर्छ भन्ने सोचका कारण पनि यस्तो समस्या हट्न सकेको छैन," उनी भन्छिन्, "अर्कोतर्फ छोरीले प्रेमविवाह गर्दा परिवारको सामाजिक प्रतिष्ठा घट्छ भन्ने सोच पनि छ। त्यसैले धेरैको चाहना छोरा नै होस् भन्ने देखिन्छ।" महिला र पुरुषलाई हेर्ने दृष्टिकोणमा अझै उल्लेखनीय परिवर्तन आउन नसकेको झाको भनाइ छ।

जानकारहरूका अनुसार अचेल धेरै दम्पती एक वा दुई सन्तानमै परिवार सीमित गर्न चाहन्छन्। सीमित सन्तानको चाहनासँगै कम्तीमा एउटा छोरा हुनैपर्छ भन्ने सोच जोडिँदा छोरीप्रतिको विभेद अझ गहिरिन सक्ने उनीहरू बताउँछन्।

समाजशास्त्री महारुद्र झा समाजमा एकअर्काको देखासिकी गर्ने प्रवृत्तिले पनि परम्परागत सोचलाई निरन्तरता दिने बताउँछन्। "यस्तो सोचाइ नबदलिएसम्म आउने दिनमा मधेशमा सामाजिक असन्तुलन अझ गम्भीर रूपमा देखिनेछ," उनी भन्छन्, "यसको असर विवाहदेखि सामाजिक बनोटसम्म पर्न सक्छ।"

अहिले पनि समाजमा छोरा र छोरीलाई हेर्ने दृष्टिकोणमा अपेक्षित परिवर्तन नआएको उनको बुझाइ छ।

**छोरीको विवाह चाँडै**

छोरीप्रतिको फरक व्यवहार विवाहको उमेरमा पनि देखिन्छ। जनगणना-२०७८ अनुसार मधेश प्रदेशमा कुल जनसंख्याको ३३.४ प्रतिशत अविवाहित छन्। तर, पुरुषमध्ये ३९.४ प्रतिशत अविवाहित हुँदा महिलामा यो हिस्सा २७.६ प्रतिशत मात्रै छ। विवाहितको अनुपात भने पुरुषमा ५८.२ प्रतिशत र महिलामा ६६.७ प्रतिशत छ।

यो अन्तर पहिलो विवाहको उमेरमा अझ स्पष्ट देखिन्छ। १५ देखि १७ वर्षमै पहिलो विवाह हुने महिलाको हिस्सा ३८.१ प्रतिशत छ भने पुरुषको १५.१ प्रतिशत। १० देखि १४ वर्षकै उमेरमा विवाह हुनेमा पनि महिला १३.८ प्रतिशत र पुरुष ३.८ प्रतिशत छन्। यसको उल्टो २१ देखि २४ वर्षमा पहिलो विवाह गर्ने पुरुष २२.६ प्रतिशत हुँदा महिलाको हिस्सा ८ प्रतिशत मात्रै छ।

मधेशमा पहिलो विवाह गर्दाको औसत उमेर १८ वर्ष छ। पुरुषको औसत विवाह उमेर २० वर्ष हुँदा महिलाको १७ वर्ष मात्रै छ। यी तथ्यले विवाहको उमेरमै महिला र पुरुषबीच उल्लेख्य अन्तर रहेको देखाउँछन्।

महिलाको पारिवारिक भूमिकासम्बन्धी अर्को सूचकमा पनि मधेश राष्ट्रिय औसतभन्दा पछाडि छ। प्रदेशका ११ लाख ५६ हजार ७ सय १५ परिवारमध्ये २१.७ प्रतिशत परिवारको मूली महिला छन्। यो २०६८ सालको तुलनामा ८.१ प्रतिशत बिन्दुले बढी हो। तर, राष्ट्रिय रूपमा महिला परिवारमूली रहेका परिवारको हिस्सा ३१.६ प्रतिशत छ।

**छोरी बिमा पनि रोकियो**

छोरा र छोरीबीचको विभेद कम गर्ने उद्देश्यले मधेश प्रदेश सरकारले छोरी बिमा योजना ल्याएको थियो। तत्कालीन मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकारले छोरी जन्मिएपछि एक लाख रुपैयाँसम्मको बिमा हुने गरी योजना सुरु गरेको थियो। योजनाको स्वागत भए पनि रकम अभाव देखाउँदै विगत तीन वर्षदेखि कार्यक्रम बन्द छ।

पूर्वमुख्यमन्त्री राउत रकम ठूलो नभए पनि छोरीप्रतिको सोचमा परिवर्तन ल्याउने उद्देश्यले योजना ल्याइएको बताउँछन्। "रकम थोरै भए पनि छोरीप्रतिको सोचमा परिवर्तन ल्याउन यस खालको योजना ल्याइएको थियो," उनी भन्छन्, "सरकार परिवर्तन भएपछि त्यसले निरन्तरता नपाउनु दुःखद हो।"

## स्वच्छ शहर: स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं।
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं।
- तोकिएको स्थानमा मात्र फोहोर फालौं।
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं।
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं।
- ध्वनि र वायु प्रदुषण कम गरौं।
- सडकको समय-समयमा मर्मतसम्भार गरौं।
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

## आजको राशिफल

**मेष :** काम गर्ने सवालमा होसियार रहनुहोला काम बिगार्ने तथा तपाईको नकारात्मक सोच्नेहरु सक्रिय हुनेछन्।

**बृष :** सरकारी तथा प्रशासनिक स्तरबाट आवश्यक सहयोग नपाईने हुदा समयमा कामहरु सम्पादन हुने छैनन्।

**मिथुन :** उच्च अध्ययनको शिलशिलामा छोटो तथा लामो दुरीको यात्राको तय गर्न सकिनेछ।

**कर्कट :** माया प्रेम तथा मित्रताको बन्धन कसिलो हुनेछ भने भौतिक सम्पति तथा उपाहार प्राप्त हुनेछ।

**सिंह :** नीति नियम तथा कानुन नमान्दा फन्दामा परिन सकिन्छ ध्यान दिनुहोला।

**कन्या :** आफन्तहरु टाढिनेछन् भने शुभचिन्तकको सहयोग तथा समर्थन पाईने छैन।

**तुला :** समय अत्यन्तै शुभ छ। शुरु गरेको काममा साथ दिने तथा सहयोग गर्ने मानिसहरु भेटिनेछन्।

**वृश्चिक :** अलि बढि अध्ययन तथा अनुसन्धान गरि प्रस्तुत हुनुहोला किनकी प्रतिस्पर्धीहरु तपाईभन्दा बलिया हुन सक्छन्।

**धनु :** स्वास्थ्य सबल रहनेछ। राम्रो कम्पनीबाट नोकरीको प्रस्ताव आउन सक्छ।

**मकर :** मकर राशि भएकाहरूका लागि आज पनि समय तथा स्वास्थ्य अनुकुल छैन।

**कुम्भ :** समय शुभ, स्वास्थ्य राम्रो रहनेछ, आर्थिक क्षेत्रमा तपाईले एउटा ठूलो उपलब्धि हासेल गर्नु हुने छ।

**मीन :** समय मध्यम छ। तपाईले आरोह अवरोहको सामना गर्नु पर्नेछ। प्रेम जीवनका लागि अनुकूल छैन।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# कृषि मजदुरको पीडा :मजदुरीले महँगीमा दुई छाक खान पनि धौ-धौ



**मणिलाल विश्वकर्मा**
**सिरहा, भदौ १० गते**

सिरहाको दक्षिणी सीमावर्ती नवराजपुर गाउँपालिकाका कृषि मजदुरहरूले बिहानदेखि बेलुकासम्म काम गर्दा पाउने मजदुरीले दुई छाक राम्ररी खानसमेत धौ-धौ परेको गुनासो गरेका छन्।

कृषि मजदुर, खेताला, हरवा-चरवा, निर्माण मजदुर, घरेलु श्रमिकलगायत अनौपचारिक क्षेत्रका मजदुरले संघीय सरकारले तोकेको न्यूनतम् ज्यालासमेत नपाउँदा जीविका चलाउन कठिनाइ भइरहेको बताएका छन्। गाउँघरमा कृषि मजदुरका रूपमा काम गरिरहेका हरवा-चरवाले काम गरेबापत न्यूनतम् ज्याला, सुरक्षित बसोवास, छोराछोरीको शिक्षा, सीपमूलक तालिम तथा वैकल्पिक आयआर्जनका लागि स्थानीय सरकारले पहल गर्नुपर्ने माग गरेका छन्।

नवराजपुर-२, मझौरास्थित राधाकृष्ण महिला समूहकी अध्यक्ष सजनीदेवी सदायले बिहानदेखि बेलुकासम्म काम गरेबापत मुस्किलले पाँच सय रुपैयाँ ज्याला पाउने गरेको बताइन्। 'खेतीपातीको काम लगाउने गिरहत (जग्गाधनी) मनकारी भए खाजा-खाना दिन्छन्,' उनले भनिन्, 'आफूलाई दिएको खाजा-खाना थोरै खाएर बाँकी छोराछोरीका लागि पनि लैजानुपर्ने बाध्यता छ।'

नवराजपुर-१, भगवतीपुरस्थित दिनाराम दिनाभद्री महिला कृषक समूहकी अध्यक्ष सोनावती सदायले तोकिएको न्यूनतम् ज्याला नपाउने अवस्था रहेको बताइन्। सुरक्षित बसोवासका लागि ऋण-सापटी गरेर किनेको १० धुर घडेरीमा समेत सँधियारले जग्गा खिचोलासम्बन्धी मुद्दा हालेर दुःख दिएको उनको भनाइ छ।

नवराजपुर गाउँपालिकाको सभाकक्षमा सोमबार आयोजित 'न्यायोचित ज्याला तथा कार्यान्वयनको अवस्था' विषयक संवाद कार्यक्रममा सहभागी कृषि मजदुरहरूले आफूहरूको न्यूनतम् मजदुरीका लागि पालिकाले निश्चित मापदण्ड बनाएर लागू गर्न माग गरे। भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीको सुरक्षित बसोबासका लागि भूमि समस्या समाधान समितिमार्फत जग्गाको व्यवस्थापन गर्नसमेत उनीहरूले आग्रह गरे।

**ज्यालासँगै कामको पनि मूल्यांकन**

नवराजपुर गाउँपालिकाकी उपाध्यक्ष पुनमकुमारी यादवले कृषि मजदुरले महँगीअनुसार न्यूनतम् ज्याला पाउनुपर्ने बताइन्। न्यायिक समितिकी संयोजकसमेत रहेकी यादवले मजदुरले पाउने ज्यालासँगै उनीहरूले गर्ने कामको पनि मूल्यांकन हुनुपर्ने बताइन्।

'स्थानीय किसानको समस्या पनि नजरअन्दाज गर्नु हुँदैन,' उनले भनिन्, 'मलखाद, सिँचाइको अभाव र कृषि उपजको लागत मूल्य उठाउनसमेत समस्या भएकाले किसान, हरवा-चरवा, कृषि मजदुर र निर्माण मजदुरलाई परिचयपत्र वितरण गरी पालिकाका सेवा-सुविधाको न्यायोचित वितरण गर्न सकिन्छ।'

नवराजपुर-४ का वडाध्यक्ष जयप्रकाश यादवले पालिका क्षेत्रमा मजदुरको ज्याला समान हुनुपर्ने बताए। दलित, विपन्न, भूमिहीन, सुकुमवासी तथा सीमान्तकृत समुदायको हक-अधिकारका लागि आफूहरू गम्भीर रहेको उनको भनाइ छ।

हरवा-चरवा सशक्तीकरण कार्यक्रमअन्तर्गत सिरहाको लहानस्थित दलित जनकल्याण युवा क्लबको आयोजनामा भएको कार्यक्रममा गाउँपालिकाका प्रशासन शाखा प्रमुख घुरन यादवले पालिकाले लघुउद्यम विकास सम्बन्धी कार्यक्रममार्फत स्थानीय मजदुरको वैकल्पिक आयआर्जन र सिप विकासका काम गरिरहेको बताए।

पालिका क्षेत्रमा बसोबास गर्ने मजदुरको ज्याला एकरूपताका लागि निर्देशिका वा कार्यविधि बनाएर लागू गर्न सकिने उनले बताए। 'पालिकाले कामको प्रकृतिअनुसार मजदुरको ज्याला निर्धारण गर्नुपर्छ,' उनले भने। त्यसका लागि निर्देशिका वा कार्यविधिको मस्यौदा तयार गरी कार्यपालिकाबाट निर्णय गरेर स्थानीय

बाँकी पृष्ठ ४ ▶▶

# बाढी प्रभावितलाई प्रधानमन्त्रीले भने-तपाईंहरू एक्लो हुनुहुन्न, सरकार र देशबासी साथमा छ

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ १० गते**

प्रधानमन्त्री वालेन्द्र शाहले सरकारको अहिलेको पहिलो प्राथमिकता घाइतेहरूको ज्यान जोगाउनु, बेपत्ता भएकाहरूको खोजी गरिनु र प्रभावित मानिसहरूलाई सुरक्षा दिनु रहेको बताएका छन्।

बुधबार साँझ सामाजिक सञ्जालमार्फत बाढी प्रभावित क्षेत्र तथा अन्य क्षेत्रका नागरिकहरूलाई अपिल गर्दै सरकारले सम्पूर्ण ध्यान उद्धार, खोजी र राहतमा खर्चिएको बताएका हुन्।

'आज म अत्यन्तै भारी मन लिएर तपाईंहरूमाझ उभिएको छु। आज बिहान रसुवाको भोटेकोशी नदीमा अचानक आएको भीषण बाढीले पुर्‍याएको ठूलो मानवीय र भौतिक क्षतिले सिङ्गो देशलाई नै स्तब्ध र मर्महत बनाएको छ। प्राकृतिक विपद्को यो अप्रत्याशित बज्रपातले हाम्रा धेरै दाजुभाइ, दिदीबहिनी र साना-साना बालबालिकाहरूलाई गहिरो पीडामा धकेलेको छ,' उनले भनेका छन्।

प्रधानमन्त्री शाहका अनुसार बाढीका कारण हालसम्म १५७ जनाले ज्यान गुमाइसकेका छन्। 'म नेपाल सरकार र व्यक्तिगत तर्फबाट ज्यान गुमाउनुहुने ती सम्पूर्ण मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। आफ्नो मान्छे, आफ्नो परिवार र सर्वस्व गुमाएर शोकमा डुब्नुभएका ती दाजुभाइ तथा दिदीबहिनीहरूमा गहिरो समवेदना व्यक्त गर्दछु। तपाईंहरूको यो असैह्य पीडामा सिङ्गो नेपाल सरकार र सम्पूर्ण देशबासी साथमा छौं। बाढीमा परी घाइते हुनुभएका र अस्पतालमा उपचार गराइरहनुभएका सबै नागरिकहरूको छिटोभन्दा छिटो स्वास्थ्य लाभको कामना गर्दछु' उनले भनेका छन्।

उनले दुःखद् खबर पाउनासाथ सरकारले ढिला नगरी आफ्ना सम्पूर्ण शक्ति र संयन्त्रहरूलाई हजारौँको संख्यामा उद्धार कार्यमा परिचालन गरेको समेत उल्लेख गरेका छन्।

बाढी गएलगत्तै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको आकस्मिक बैठक बस्यो। त्यसलगत्तै राष्ट्रिय परिषद्को बैठक र मन्त्रिपरिषद्को बैठक समेत बसेर उद्धार, खोज र राहत कार्यलाई कसरी तीव्र बनाउने भन्नेबारे महत्त्वपूर्ण निर्णयहरू गरिएको उनको भनाइ छ।

बाढी प्रभावित क्षेत्रमा नागरिकहरूको ज्यान जोगाउन र खोजतलास गर्न नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका टोलीहरूलाई तत्कालै मैदानमा उतारिएको प्रधानमन्त्री शाहले जानकारी दिए।

प्रधानमन्त्री शाहका अनुसार घाइते नागरिकहरूको सहज र निःशुल्क उपचारका लागि काठमाडौंको वीर अस्पताल र राष्ट्रिय ट्रमा सेन्टरमा १०० वटा शय्या छुट्याइएको छ। उपत्यकाका अन्य सबै ठूला अस्पतालहरूलाई पनि जुनसुकै बेला घाइतेको उपचारका लागि तयारी अवस्थामा राखिएको छ।

सरकारले प्रभावित क्षेत्रमै मेडिकल टिम खटाएर घाइतेहरूको उद्धार र प्राथमिक उपचार गरिरहेको छ। काठमाडौंको राष्ट्रिय ट्रमा सेन्टर, विभिन्न सुरक्षा निकायहरूबाट चिकित्सकसहितको स्वास्थ्यकर्मीको टोली तत्कालै पठाइएको छ।

यस्तै, नेपाल स्काउट, विश्व स्वास्थ्य संगठनलगायत निकायबाट पनि चिकित्सक, उद्धारकर्मी र स्वास्थ्य सामग्री बाढीप्रभावित क्षेत्रमा पठाइसकिएको छ।

आपत्कालीन स्वास्थ्य सेवा, औषधी र रगतको अभाव नहोस् भनेर रक्तसञ्चार केन्द्र, बागमती र गण्डकी प्रदेशका स्वास्थ्य मन्त्रालयहरू, नेपाल रेडक्रस सोसाइटी, लायन्स क्लब र नेपाल स्काउटजस्ता संघसंस्थाहरूसँग निरन्तर समन्वय भइरहेको उनले बताएका छन्।

'बाढीग्रस्त क्षेत्रका संघीय सांसदहरूसँग हामीले परामर्श गरी स्थानीय तहमा कहाँ के सहयोग आवश्यक छ, सोही अनुसार सहजिकरण गरिरहेका छौं। घाइतेहरूको थप विवरण संकलन गर्ने काम अझै निरन्तर जारी छ,' प्रधानमन्त्री शाहले भनेका छन्।



उनले यो विपद्बाट नागरिकलाई बचाउन र उहाँहरूको जनजीवन सामान्य बनाउन सरकार लागिरहने उल्लेख गरेका छन्।

बाढीमा हराइरहेका नागरिकहरूको खोजतलासलाई अझ तीव्र पारिने बताउँदै उनले घाइतेहरूको पूर्ण विवरण र बाढीले पुर्‍याएको क्षतिको विस्तृत विवरण सङ्कलन गरिने जनाएका छन्।

'नुवाकोटको विदुर, रसुवाको उत्तरगया र गोसाइँकुण्ड, धादिङको गजुरी, गल्छी, बेनीघाट, त्रिपुरासुन्दरी र सिद्धलेख तथा गोरखाको शहीद लखन र गण्डकी गाउँपालिका बाढीबाट बढी प्रभावित भएका छन्। यी सबै क्षेत्रका पीडित परिवारहरूसम्म खानेकुरा, सफा खानेपानी, औषधी र अस्थायी बसोबासको व्यवस्था तुरुन्त पुर्‍याइने छ,' शाहले भनेका छन्।

बाढीका कारण भत्किएका सडक, पुल, बिजुली र खानेपानीका आयोजनाहरूलाई प्राथमिकताका साथ पुनर्निर्माण गरी जनजीवनलाई पुनः पुरानै अवस्थामा फर्काइने बताउँदै उनले विस्थापित भएका परिवारहरूलाई सुरक्षित स्थानमा

बाँकी पृष्ठ ४ ▶▶

## रसुवाको भोटेकोशी बाढीमा मृत्यु हुनेको संख्या ............

जना, राष्ट्रिय ट्रमा सेन्टरमा चार जना, वीर अस्पतालमा तीन जना र त्रिशूली अस्पतालमा नौ जना उपचाररत छन्।

यस्तै, नर्भिक अस्पतालमा तीन जना, वीरेन्द्र सैनिक अस्पतालमा एक जना र ग्रीन सिटी अस्पतालमा एक जना घाइतेको उपचार भइरहेको प्रहरीले जनाएको छ।

**४०३ नेपाली तथा विदेशी पर्यटक सम्पर्कविहीन**

बाढीपछि रसुवा क्षेत्रमा रहेका ४०३ जना नेपाली तथा विदेशी पर्यटक सम्पर्कमा नआएको विवरण सार्वजनिक भएको छ। नेपाल पर्यटन बोर्डका अनुसार सम्पर्कमा नआएका पर्यटकमध्ये ३४१ जना विदेशी र ६२ जना नेपाली छन्।

सम्पर्कविहीन विदेशी पर्यटकमध्ये सबैभन्दा धेरै भारतीय नागरिक रहेका छन्। भारतका १३३ जना पर्यटक सम्पर्कमा आएका छैनन्। यस्तै अमेरिकाका ४७, अस्ट्रेलियाका ३४, बेलायतका ३३, क्यानडाका २४, मलेसियाका १९, युक्रेनका सात, सिंगापुरका छ, दक्षिण अफ्रिकाका छ, न्युजिल्यान्डका पाँच र जापानका पाँच जना सम्पर्कविहीन रहेको पर्यटन बोर्डको विवरणमा उल्लेख छ।

त्यसैगरी जर्मनीका चार, फ्रान्सका तीन, आयरल्यान्ड, नेदरल्यान्ड्स, रूस र स्पेनका दुई-दुई तथा बेलारुस, फिनल्यान्ड, हंगेरी, इजरायल, लिथुआनिया, पोर्चुगल र फिलिपिन्सका एक-एक जना पर्यटक सम्पर्कमा नआएको जनाइएको छ।

सम्पर्कविहीन ४०३ पर्यटकमध्ये २०३ जना पुरुष र २०० जना महिला रहेका छन्। बुधबार साँझ ५ बजेसम्मको विवरणअनुसार मलबरी होटलबाट मात्रै ५२ जना विदेशी र १३ जना नेपाली सम्पर्कमा नआएको जानकारी प्राप्त भएको थियो। थप विवरण संकलन भइरहेको जनाइएको छ।

**खोज तथा उद्धार तीव्र**

भोटेकोशी बाढीबाट सडक, पुल तथा अन्य भौतिक संरचनामा समेत ठूलो क्षति पुगेको छ। प्रारम्भिक विवरणअनुसार १९ वटा पुल र करिब ४० किलोमिटर सडकमा क्षति पुगेको छ। संरचनामा क्षति पुग्दा प्रभावित क्षेत्रमा आवागमन तथा उद्धार कार्य चुनौतीपूर्ण बनेको छ।

नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीसहितका सुरक्षा निकाय प्रभावित क्षेत्रमा परिचालन भएका छन्। सम्पर्कविहीन व्यक्ति, पर्यटक तथा सुरक्षाकर्मीको खोजीलाई प्राथमिकता दिँदै उद्धार कार्य जारी राखिएको छ।

बाढी तथा पहिरोबाट भएको मानवीय र भौतिक क्षतिको पूर्ण विवरण आउन अझै समय लाग्ने सम्बन्धित निकायले जनाएका छन्।







अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# तिब्बतको बाढी तराईसम्म: सुस्तावासीलाई सुरक्षित स्थानमा सारियो

**अपन दैनिक संवाददाता**
**नवलपरासी, भदौ १० गते**



तिब्वतबाट हिमाली जिल्ला रसुवा हुँदै आएको भीषण बाढीले नारायणी नदीमा पानीको सतह उच्च भएपछि पश्चिम नवलपरासीको सुस्ता क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा सारिएको छ।

उनीहरूलाई सुस्तावारि रहेका बीपी माध्यमिक विद्यालयमा स्थानान्तरण गरिएको छ। हालसम्म ९ सय ५० जनालाई सुरक्षित स्थानका सारिएको छ भने एक सयभन्दा बढीलाई सुस्ता गाउँमा सुरक्षित स्थानमा राखिएको छ।

स्थानान्तरण गरिएकालाई विद्यालयमा खाना र बास व्यवस्थापन गाउँपालिकाले गर्ने सुस्ता गाउँपालिका उपाध्यक्ष गीता चौधरीले बताइन्। केही स्थानीय भने आफन्तकहाँ बास बस्न पुगेका छन्।

नारायणी नदीमा पटक पटक बाँध फुट्ने र डुबानको समस्या झेल्दै आएका सुस्तावासी पुनः नदीमा बाढीको बहाव बढेपछि त्रसित बनेका छन्। सुस्ता क्षेत्रको प्रमुख जिल्ला अधिकारी दीपकराज नेपाल, सुरक्षा निकायका प्रमुखसहितको टोलीले अनुगमन गरेको छ। जोखिम मध्यनजर गरेर गण्डक ब्यारेजका सबै ढोका खोल्ने तयारी गरिएको प्रजिअ नेपालले बताए।

# ट्र्याक्टरले किचेर मृत्यु

**अपन दैनिक संवाददाता**
**वीरगन्ज, भदौ १० गते**

पर्साको पटेर्वा सुगौली गाउँपालिका-१ स्थित दुधेश्वरनाथ महादेव मन्दिर नजिक ट्र्याक्टरले किचेर बाराको विश्रामपुर गाउँपालिका-५ इटियाही टोलका १७ वर्षीय आकाश रामको मंगलबार मृत्यु भएको छ।

ट्र्याक्टरबाट खसेका उनीलाई सोही ट्र्याक्टरले किचेर घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिए। फरार चालकको खोजी भइरहेको उनले बताए।




## बाढी प्रभावितलाई प्रधानमन्त्रीले भने-तपाईंहरू एक्लो ...............

पुनःस्थापना गरिनेछ जनाएका छन्।

प्रधानमन्त्री शाहले भनेका छन्, 'तपाईंहरूले भोग्नुपरेको पीडा र गुमाएको क्षति सानो छैन। तर म तपाईंहरूलाई विश्वास दिलाउन चाहन्छु–यो कठिन घडीमा तपाईंहरू एक्लो हुनुहुन्न। राज्य आफ्ना सम्पूर्ण साधन र स्रोतका साथ तपाईंहरूकै साथमा छ। कृपया धैर्य धारण गर्नुहोला। तपाईंहरूको उद्धार, उपचार, खानपिन र बसोबासको पूर्ण जिम्मेवारी सरकारले लिन्छ।'

विपद्को बेला सबैलाई एक ढिक्का हुन आग्रह गर्दै उनले सम्पूर्ण सामाजिक संघसंस्था, उद्योगी-व्यवसायी, युवा स्वयंसेवक र आम नागरिकलाई सरकारले चलाएको राहत र उद्धार अभियानमा आ-आफ्नो ठाउँबाट हात बढाउन र सहयोग गर्न अनुरोध समेत गरेका छन्।

## कृषि मजदुरको पीडा:मजदुरीले महँगीमा दुई छाक .............

राजपत्रमा प्रकाशन गरेपछि लागू गर्न सकिने उनको भनाइ छ।

कार्यक्रममा क्लबका कार्यक्रम प्रबन्धक बहादुर सदायले सिराहाको नवराजपुरसहित सप्तरीको विष्णुपुर र छिन्नमस्ता गाउँपालिका क्षेत्रका गरिब तथा विपन्न हरवा-चरवा परिवारलाई स्थानीय मागअनुसार सिपमूलक तथा क्षमता विकाससम्बन्धी तालिम दिइने बताए। ज्याला नीति निर्धारणका लागि प्राविधिक सहयोग र सहजीकरण तथा बालबालिकाको शिक्षाका लागि कापी, कलम, विद्यालय पोसाकलगायत छात्रवृत्ति उपलब्ध गराइने उनले जानकारी दिए।

कार्यक्रममा उपाध्यक्ष यादव र कृषि शाखा प्रमुख हरिनारायण यादवले गाउँपालिका क्षेत्रमा गठन गरिएका पाँचवटा महिला कृषक समूहका पदाधिकारीलाई समूह दर्ताको प्रमाणपत्र हस्तान्तरण गरे।

**यस्तो छ ज्यालासम्बन्धी कानुनी व्यवस्था**

पत्रकार तथा दलित अधिकारकर्मी मणिलाल विश्वकर्माले स्थानीय सरकारले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को आधारमा आफ्नो पालिका क्षेत्रभित्रका श्रमिकका लागि स्थानीय न्यूनतम् दररेट निर्धारण, श्रमिकको लगत संकलन, ज्याला भुक्तानीको अनुगमन तथा गुनासो संयन्त्रको स्थापना र सञ्चालन गर्न सक्ने भएकाले त्यसतर्फ ध्यान दिन पालिकालाई आग्रह गरे।

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम ऐन, २०७४ को दफा १०६ बमोजिम १ साउन २०८२ देखि लागू हुने गरी चिया बगानबाहेकका श्रमिकको महँगी भत्तासहित मासिक, दैनिक, प्रतिघण्टा र आंशिक समय कामको न्यूनतम् पारिश्रमिक निर्धारण गरेको छ।

त्यसअनुसार श्रमिकको मासिक आधारभूत पारिश्रमिक १२ हजार १७० रुपैयाँ र महँगी भत्ता सात हजार ३८० रुपैयाँ गरी कुल १९ हजार ५५० रुपैयाँ तोकिएको छ। दैनिक आधारभूत पारिश्रमिक ४७० रुपैयाँ र महँगी भत्ता २८४ रुपैयाँ गरी कुल ७५४ रुपैयाँ तथा प्रतिघण्टा आधारभूत पारिश्रमिक र महँगी भत्तासहित १०१ रुपैयाँ तोकिएको छ। आंशिक समय काम गर्ने मजदुरका लागि प्रतिघण्टा न्यूनतम् पारिश्रमिक १०७ रुपैयाँ निर्धारण गरिएको छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।

# सरकारले बिदा नदिएर गल्ती गऱ्यो : पूर्व मुख्यमन्त्री यादव



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, भदौ १० गते**

मधेश प्रदेशका पूर्व मुख्यमन्त्री सरोजकुमार यादवले नेपाल धर्मनिरपेक्ष, संघीय गणतान्त्रिक राष्ट्र भएकाले यहाँ सबै धर्म, जातजाति र समुदायका नागरिकलाई समान अधिकारसहित बस्न पाउने वातावरण सुनिश्चित हुनुपर्ने बताएका छन्।

बुधबार जनकपुरधाम स्थित तिरहुतिया गाछीमा मोहमद जयन्तीको अवसरमा आयोजित कार्यक्रममा बोल्दै नेकपा एमालेका दलका नेता समेत रहेका यादवले आफू मुस्लिम समुदायप्रति उत्तरदायी रहेको उल्लेख गर्दै मदरसा शिक्षालाई व्यवस्थित र वैज्ञानिक बनाउनुपर्नेमा जोड दिए।

उनले मुस्लिम समुदायको अधिकार र हित संरक्षणमा राज्य गम्भीर हुनुपर्ने बताए।

यादव आफू मुख्यमन्त्री हुँदा मदरसा बोर्ड स्थापना गर्न सैद्धान्तिक सहमति दिएको स्मरण गर्दै त्यसपछि बनेको सरकारले त्यसलाई निरन्तरता नदिनु ठूलो गल्ती भएको टिप्पणी गरे। उनले सरकार मुस्लिम समुदायप्रति प्रतिबद्ध छ कि छैन भन्ने प्रश्नसमेत गरे।

"म मुस्लिम धर्मलाई धेरै सम्मान गर्छु। संविधानले पनि सबै धर्म र समुदायको अधिकार सुनिश्चित गरेको छ। त्यसैले सबै धर्म र समुदायको सम्मान हुनुपर्छ," उनले भने।

यादवले धर्म वा मजहबका नाममा हुने आन्दोलन र सामाजिक विभाजनले विकासको वातावरण प्रभावित हुने भन्दै सबै समुदाय मिलेर अघि बढ्नुपर्नेमा जोड दिए।

हिन्दु समुदाय मात्रको प्रयासले देशको विकास सम्भव नहुने उल्लेख गर्दै उनले सबै धर्म र समुदायको समान सहभागिताबाट मात्रै राष्ट्र निर्माण सम्भव हुने बताए।

समाजलाई धर्मका आधारमा विभाजन गर्ने प्रयास बाह्य प्रभावबाट परिचालित हुनसक्ने दाबी गर्दै उनले मुस्लिम समुदायको हकहितका लागि आफू सदैव लडिरहने प्रतिबद्धता व्यक्त गरे।

यसैगरी, मुस्लिम समुदायको महत्वपूर्ण पर्वका दिन सार्वजनिक बिदा नदिएको विषयमा उनले संघीय तथा प्रदेश सरकारको निर्णयप्रति असन्तुष्टि व्यक्त गरे। मोहम्मद जयन्तीमा बिदा नदिनु सरकारको गल्ती भएको उनको भनाइ थियो।

उनले समाजका अगुवा तथा नेतृत्वकर्ताहरूको भूमिका समुदायलाई विभाजित गर्ने नभई एकताबद्ध बनाउने हुनुपर्ने बताए।

# रसुवाका बाढी प्रभावितका लागि थप ८ ट्रक राहत सामग्री पठाइयो

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ १० गते**



रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित भएका नागरिकहरूको सहयोगका लागि काठमाडौंको सिनामंगलस्थित गोदामघरबाट थप आठ ट्रक राहत सामग्री पठाइएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार बाढी पीडितहरूलाई तत्काल आवश्यक पर्ने सामग्रीहरू बोकेका ट्रकहरू आज रसुवातर्फ प्रस्थान गरेका हुन्।

राहत सामग्री पठाउने क्रममा गृहमन्त्री सुदन गुरुङ र प्राधिकरणका कार्यकारी प्रमुख डा. धर्मराज उप्रेतीको उपस्थिति रहेको थियो। विपद्को यस कठिन घडीमा प्रभावित क्षेत्रका नागरिकहरूलाई राहत र पुनर्स्थापनाका लागि सरकारले प्राथमिकताका साथ सामग्री ढुवानी कार्यलाई तीव्रता दिएको प्राधिकरणले जनाएको छ।

यसअघि पनि विभिन्न माध्यमबाट राहत सामग्री प्रभावित क्षेत्रमा पुऱ्याउने कार्य भइरहेको छ।

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
अपन दैनिक पत्रिका

## सिरहामा मिटरब्याजपीडितको प्रदर्शन, रास्वपा सांसद ..........

सच्याउनुपर्ने र मिटरब्याजपीडितसँग सरकारले गरेको सहमति पूर्ण रूपमा कार्यान्वयन गरी पीडितलाई न्याय दिनुपर्ने माग गरे।

आन्दोलनकारीहरूले सांसद यादवको परिवारसमेत मिटरब्याज कारोबारमा संलग्न रहेको आरोप लगाउँदै त्यसबारे छानबिन गर्न माग गरेका छन्। यद्यपि, परिवारको संलग्नतासम्बन्धी आरोपको स्वतन्त्र पुष्टि भने हुन बाँकी छ।

महासचिव पासवानले बुधबारको प्रदर्शन सांकेतिक आन्दोलन मात्र भएको बताउँदै माग सम्बोधन नभए सांसद यादवको घर घेराउदेखि देशव्यापी आन्दोलन पुनः चर्काउने चेतावनी दिए।

उनले आवश्यक परे सिंहदरबार सम्म पुगेर आन्दोलन गर्ने बताए।

मिटरब्याजपीडितहरूले मिटरब्याज सम्बन्धी सहमति कार्यान्वयन, पीडितको सम्पत्ति फिर्ता, फर्जी तथा अवैध तमसुक खारेजी, सुदखोर माथि कानुनी कारबाही र पीडितलाई न्यायको सुनिश्चितता गर्न सरकारसँग माग गरेका छन्।

